// नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २४ गते २०३३ साल

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

सार्वजनिक सडक ऐन, २०३१ को दफा १० को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सार्वजनिक सडक (मुआब्जा निर्धारण समिति) नियमावली, २०३३ को दफा ३ र ४ को अधीनमा रही काम कारवाही गर्ने गरी देहाय बमोजिम अध्यक्ष र सदस्यहरू भएको मुआब्जा निर्धारण समिति र उप-समिति गठन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

मुआब्जा निर्धारण समिति

(क) निर्माण तथा यातायात मन्त्रालयको प्रतिनिधि- — — — अध्यक्ष
(ख) अर्थ मन्त्रालयको प्रतिनिधि- — — — — — सदस्य
(ग) गृह पञ्चायत मन्त्रालयको प्रतिनिधि- — — — — सदस्य
(घ) भूमिसुधार मन्त्रालयको प्रतिनिधि- — — — सदस्य
(ङ) सडक विभागको प्रतिनिधि — — — सदस्य—सचिव



968

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अञ्चल तथा जिल्लास्तरीय मुआब्जा निर्धारण उप–समिति

(क) अञ्चलको सदरमुकाममा उप–समिति रहने भएमा सम्बन्धित अञ्चलाधीश र अन्य जिल्लामा भए सम्बन्धित जिल्लाको प्र.जि.अ. – – अध्यक्ष

(ख) सम्बन्धित जिल्ला पञ्चायतको प्रतिनिधि – – – – सदस्य

(ग) भूमि प्रशासन कार्यालयका भूमि प्रशासक र भूमि प्रशासन कार्यालय नभएका जिल्लामा माल कार्यालयको प्रमुख – – सदस्य

(घ) अञ्चलको उप–समितिमा अञ्चलाधीशबाट र अन्य जिल्लामा प्र. जि. अ. ले तोकेको जिल्लाको एक जना गैर सरकारी प्रतिष्ठित व्यक्ति – सदस्य

(ङ) सम्बन्धित नगर वा गा. पं. का प्रधानपञ्च – – – – सदस्य

(च) सम्बन्धित योजना प्रमुख वा विभागले तोकेको अधिकृत – – –सदस्य–सचिव

आज्ञाले–
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

सार्वजनिक सडक (मुआब्जा निर्धारण समिति) (पहिलो संशोधन) नियमावली, २०३३

सार्वजनिक सडक (मुआब्जा निर्धारण समिति) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक सडक ऐन, २०३१ को दफा १० र दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "सार्वजनिक सडक (मुआब्जा निर्धारण समिति) (पहिलो संशोधन) नियमावली, २०३३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक सडक (मुआब्जा निर्धारण समिति) नियमावली, २०३३को नियम ५ मा संशोधनः** सार्वजनिक सडक (मुआब्जा निर्धारण समिति) नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ।

९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५. घर, इमारत, आदिको मुआव्जा निर्धारण गर्दाः– कुनै जग्गा प्राप्त गर्दा घर, इमारत, पर्खाल, आदि सहित प्राप्त गरेको भए यस नियमावली बमोजिम समिति वा उप–समितिले त्यस्तो घर, इमारत, पर्खाल, आदिको मुआव्जा निर्धारण गर्दा ऐनको दफा ११ र श्री ५ को सरकारले समय समयमा दिएको मार्गदर्शनको अधीनमा रही निर्धारण गर्नु पर्नेछ ।"

३. खारेजीः– मूल नियमावलीको नियम ८, अनुसूची १ र अनुसूची २ खारेज गरिएका छन् ।

आज्ञाले–
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

९८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।